*"सुशासन र पारदर्शिता ।*
*सुखी नौमुलेबासी हाम्रो प्रतिबद्धता ॥"*

# नौमूले गाउँपालिका दैलेख

## कर्णाली प्रदेश, नेपाल

दोस्रो गाउँसभाको दशौं अधिवेशनमा प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम

## २०७९/०८०

**प्रस्तोताः**
**गंग बहादुर शाही (उपाध्यक्ष)**

# नीति तथा कार्यक्रम :

**सभाध्यक्ष महोदय,**

यस नौमूले गाउँपालिका स्थानीय सरकारको उपाध्यक्षको हैसियतले यस सम्मानित दोस्रो गाउँसभाको दशौं अधिवेशनमा आगामी आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएको छु। राष्ट्र र जनताको सुन्दर संसारको सपनाका खातिर जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु साथै यसक्रममा जनयुद्ध, जनआन्दोलन लगायतका सबै खाले खबरदारीहरुका घाईते, अपांग अशक्त योद्धाहरुको शीघ्र स्वास्थ्यलाभ र सहज जीवनको कामना गर्दछु ।

**सभाध्यक्ष महोदय,**

अब म यस नौमूले स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

हामी संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि **"समृद्ध नेपाल, सुखी नेपालीको"** नारालाई आत्मसात गर्दै **"सुशासन र पारदर्शिता, सुखी नौमूलेवासी हाम्रो प्रतिबद्धता"** को दीर्घकालिन उद्देश्य अनुरुप समतामूलक समाज निर्माण गर्दै समृद्धितर्फको यात्रामा अघि बढिरहेको सन्दर्भमा म यस नौमूले स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०७९/०८० को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

**सभाध्यक्ष महोदय,**

१ नागरिकले अनुभूत गर्ने, मागमा आधारित, नौमूलेको माटोले पचाउने र हाम्रो सरकारको सामर्थ्यले धान्न सक्ने प्रत्यक्ष प्रतिफल प्राप्त हुने एवं टिकाउ कार्यक्रम तथा विकास कार्यहरु सञ्चालन गरिनेछ । गाउँपालिकाको सबै तहबाट प्रवाह हुने सबैखाले सार्वजनिक सेवाहरुलाई विद्युतीय शासन पद्धतिमा समाहित गर्दै सुशासन कायम गरिनेछ। यसका लागि संस्थागत क्षमता विकास, कर्मचारीको क्षमता अभिवृद्धि र कार्यशैली/कार्य सम्पादनका आधारमा दण्ड र

पुरस्कारको नीति लिईनेछ, जनप्रतिनिधिको क्षमता वृद्धिको लागि कार्यक्रम संचालन हुनेछ ।

२ स्थानीय तहको न्याय प्रणाली तथा व्यवस्थापिकीय कार्यहरु स्वच्छ, सक्षम, पारदर्शी तथा जवाफदेही बनाउन आवश्यक संस्थागत, संरचनागततथा नीतिगत व्यवस्था गरिने छ ।गाउँपालिकाको नाममा रहेको नीतिगत बेरुजु फछर्यौटका लागि तत्काल पहलकदमी लिईनेछ र असुल उपर गर्नुपर्ने भनीम.ले.प.प्रतिबेदनमा औंल्याईएका बेरुजुहरु सरकारी बाँकी सरह असुल उपर गर्ने कार्यको थालनी गरिनेछ । भ्रष्टचारप्रतिको शून्य सहनशिलता, पारदर्शिता, जवाफदेहिता, मितव्ययीता र जन निगरानीलाई प्राथमिकता दिईनेछ ।

३ गाउँपालिकाको प्रशासनिक भवनका लागि जग्गा प्राप्ति तथा भवन निर्माण कार्यको थालनी यसै वर्षमा शुरु गरिनेछ । अन्य सार्वजनिक उपयोगका लागि समेत जग्गा प्राप्ति गर्ने कार्य प्रारम्भ हुनेछ । जनताको स्वच्छवातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्न नौमूले बजार क्षेत्रमा उत्पन्न हुने फोहोरमैलालाई उचित स्थानमा उपयुक्त तवरले व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण कार्य तत्काल अगाडि बढाईनेछ र पालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनमा उचित ध्यान दिईने छ । संशानघाट एवं समाधि स्थलहरुको समेत उचित प्रवन्ध गर्ने कार्यको शुरुवात गरिने छ ।

४ विद्यालयहरुलाई आधुनिक सूचना प्रविधिमैत्री बनाउन स्रोत तथा साधनको व्यवस्था र उपयोग गर्ने नीति लिईनेछ र गाउँपालिका क्षेत्रभित्र क्याम्पस स्थापनाको कार्य प्रारम्भ गरिनेछ । बालविकास र विद्यालय कर्मचारीहरुको संघिय सरकारले तोकेको तलबमान कायम गरिनेछ । उत्कृष्ट तथा नमूनाका रुपमा कार्य सम्पादन गर्ने शिक्षकहरुलाई सम्मान गर्ने व्यवस्था मिलाई शिक्षण पेशालाई सम्मानित र मर्यादित बनाउन आवश्यक पहल गरिनेछ ।

५ प्रचलित कानूनी दायरामा रही बिधार्थी संख्या अति न्यून हुने विद्यालयहरुलाई कक्षा थपघट एवं एक आपसमा गाभ्ने नीति अवलम्बन गरिनेछ । कम्तीमा पाँच वटा सामुदायिक विद्यालयहरुलाई पाँचवर्ष भित्रमा नमूना विद्यालयकारुपमा

विकास गर्ने लक्ष्य लिइएकोछ । अन्तर्राष्ट्रिय भाषाको रुपमा रहेको अंग्रेजी भाषाको कारणले उच्च शिक्षा अध्ययनका क्रममा हुने कठिनाई घटाउन तथा बिश्व बजारको प्रतिस्पर्धामा उत्रिन सक्ने जनशक्ति तयार पार्ने हेतुले सामुदायिक विद्यालयहरुबाट क्रमशः अंग्रेजी भाषाको माध्यमबाट समेत पठनपाठन गर्ने लक्ष्य लिईएकोछ । कक्षा ११ र १२ का विद्यार्थीहरु माझ पालिकाको एक बिद्यालयमा नमुनाका रुपमा पढ्दै कमाउदै कार्यक्रम लागु गरिनेछ ।

**सभा अध्यक्ष महोदय,**

६ जनतालाई सहज, सुलभ र संभव भएसम्म प्रभाबकारी ढंगले स्वास्थ्य सेवाको सुनिश्चितता गर्न प्रत्येक स्वास्थ्य संस्थामा पर्याप्त औषधि, उपकरण र उचित जनशक्तिको व्यवस्था गरिनेछ। निमार्णाधिन १५ सैयाको अस्पतालको कामलाई द्रुत गतिमा अघि बढाइनेछ ।हालको प्राथमिक स्वास्थ्य केन्द्रमा २४ घण्टे फार्मेसी सेवा सञ्चालनमा ल्याईनेछ। आम नागरिकको स्वास्थ्य सेवालाई प्रत्याभूत गर्न स्वास्थ्य विमा कार्यक्रमलाई सञ्चालनमा ल्याईनेछ । साथै क्रमशः ज्येष्ठ नागरिक, अति बिपन्न तथा दीर्घ मानसिक रोग जस्ता समस्याबाट सामाजिकरुपमा बहिष्कृतनागरिक समेतको स्वास्थ्य विमागर्ने ब्यवस्थाको शुरुवात गरिनेछ। नागरिकको स्वास्थ्यप्रतिको सवेदनशिलता मनन् गर्दै नियमित घुम्ती स्वास्थ्य सेवाहरु सञ्चालनमा ल्याईनेछ ।

७. स्वास्थ्य नीति तर्जुमा गरी मानसिक स्वास्थ्य लगायतका स्वास्थ्य कार्यक्रमहरु समेटिने छ र लागू औषध दुर्व्यसन तथा कुलत बाट जोगाउने किसिमका गतिविधिहरु मार्फत स्वस्थ, सभ्य र समुन्नत समाज निर्माणमापहल गरिनेछ।

८ स्थानीय जडिबुटीमा आधारित उपचारलाई प्रभावकारी बनाउन आयुर्वेद औषधालयको सेवालाई थप प्रभावकारी बनाइनेछ ।

९ यस गाउँपालिकाका सबै वडाहरुमा पूर्ण सरसफाई मापदण्ड लागू गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनुका साथै सार्वजनिक शौचालय निर्माण गर्ने र विद्यालयहरुमा पर्याप्त पानी सहितको व्यवस्थित शौचालय निर्माणमा जोड दिईनेछ ।

१० गांउँपालिकाको समग्र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको अवस्था सुनिश्चितता, विश्लेषण तथा योजना निर्माणका लागि NWASH गुरुयोजना लागू गरिने छ ।

११ नौमूले गाउँपालिका भित्रका ७० वर्ष माथिका ज्येष्ठ नागरिक अपाङ्गबर्गका 'क'बिरामी उपचारकालागि गाउँपालिका बाहिर प्रेषण गर्नु पर्ने अवस्था भएमा तथा गर्भवती महिलाहरुलाई सुत्केरी सेवा लिनका लागि स्वास्थ्य सस्थाले प्रेषण गरेमा निशुल्कएम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

१२ कृषि तथा पशुपंक्षी पालन पेशालाई व्यवस्थित एवं आधुनिकीकरण गर्दै लगिने छ। यसको लागि बीउ, मल तथा किट्नाषक औषधी सहित कृषि प्राविधिकको व्यवस्था गर्ने र 'एक घर एक करेसाबारी' तथा 'एक घर एक तोरीबारी' नीति लिईनेछ। कृषि तथा पशुपंक्षी पालनतर्फ उच्च उत्पादन गरी योगदान गर्ने कृषकहरुलाई सम्मानको व्यवस्था मिलाईने छ।

१३ कृषि एम्बुलेन्सको प्रबन्ध गरि कृषकको उत्पादनलाई संकलन केन्द्र सम्म पुऱ्याउने व्यवस्था गरिने छ र यसका लागि थप संभाव्यता अध्ययन गरिनेछ। लोहोरे खोला लगायतका जल प्रबाह क्षेत्रबाट सिंचाई पुग्ने कृर्षियोग्य भूमिहरुमा उचित सिंचाईको व्यवस्था गरिनेछ।

१४ आवश्यकता अनुसार बहुउद्देश्यीय नर्सरी स्थापना गरि जडिबुटी खेती, फलफूल खेतीलाई ब्यवसायिक बनाईनुका साथै ब्यवसायिक पशुपालनको लागि बाँझो जमिन र सामुदायिक बनहरुमा घाँस खेती गर्ने नीति लिईएकोछ। जमिन बाँझो राख्ने प्रबृतिलाई निरुत्साहित गरिने छ।

**सभाध्यक्ष महोदय,**

१५ नौमूले गाउँपालिकाको समग्र बिकासका लागि गाउँपालिकाको भौगोलिक अध्ययनगरी जोखिमपूर्ण तथा विकट भूगोलमा छरिएर रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न संघिय सरकार तथा प्रदेश सरकार एवं दातृ निकायको समन्वय र साझेदारीमा एकिकृत बस्ती विकासको लागि कम्तीमा

अध्ययन कार्य प्रारम्भ गरिनेछ । नौमूले बजारको विस्तार एवंम प्रवद्धन गर्न विस्तृत अध्ययन प्रतिवेदन तयार गरिने छ ।

१६ दैलेख सदरमुकाम देखि नौमूलेसम्मको सडक आगामी दुईबर्षभित्र कालोपत्रे गरिसक्ने गरी आवश्यक पहल गरिनेछ ।नौमूले बजार देखि सबै वडा मुकामसम्मको मोटरबाटो स्तरोन्नति र अति आवश्यकीय स्थानमा मोटरेवल पुल निर्माण कार्यलाई पहिलो प्राथमिकता दिईनेछ ।नौमूले बजार देखि विभिन्न स्थानका सडक संजालहरु र विशेषत: चक्रपथ प्रकृतिका सडकहरु भौगोलिकरुपमा उपयुक्त र आर्थिक रुपमा संभाव्यता समेतका आधारमा विकास र विस्तार गर्दै लगिनेछ भने अन्तरपालिका तथा अन्तर जिल्ला जोड्ने सडकहरुलाई निरन्तरता दिईनेछ ।यस कार्यका लागि सबै तहका सरकार र विभिन्न दातृनिकाय एवं संघ संस्थाहरुको समेत सहयोगको उपयोग गरिनेछ । अनावश्यक र अनुत्पादक क्षेत्रमा हुने बजेट खर्चलाई पूर्णत: बन्देज गरिनेछ ।

१७ उद्योग क्षेत्रको विस्तारको लागि सम्भावित स्रोतको पहिचान तथा विकास गर्ने, खनिज तथा खानीजन्य पदार्थहरुको अध्ययन सर्बेक्षणगरिनेछ ।पानीका प्रशस्त स्रोतहरुलाई गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्न सदुपयोग गरिनेछ ।सबै सरकारी निकायहरुमा आवश्यक पर्ने सामाग्रीहरु स्थानीय स्तरमा उपलब्ध भएसम्म स्थानीय नै प्रयोग गर्ने गराउने नीति लिईनेछ ।

१८ नौमूले गाउंपालिका क्षेत्रभित्र रहेका जलवायुजन्य प्रकोपबाट जोखिम क्षेत्रहरुको पहिचान गरी बाढी पहिरो नियन्त्रणको लागि जोखिमयूक्त ठाउँमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ। त्यसै गरी बाढी पहिराबाट हुने भूक्षय नियन्त्रण गर्न र जोखिमयूक्त बस्तीमा नदीनाला नियन्त्रणको लागि आवश्यक तटबन्धन निर्माण कार्यलाई प्राथमिकता दिइने छ। साथै जलवायु अनुकुलन क्रियाकलाप संचालन गरिने छ ।

१९ अल्लो, लोक्ता, खोटो,ओखर, निगालाका चोया लगायतका जडिबुटी तथा वस्तुहरुको उत्पादन र निकासी गर्न आवश्यक बजार खोजी तथा प्रर्वद्धन गरी निर्यात बढाउने नीति लिईनेछ ।

**सभाध्यक्ष महोदय,**

२० बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमाअशक्त/अपांग तथा ज्येष्ठ नागरिकहरुलाई असुविधा भएकाले यस प्रकृयालाई सहजिकरण गरी सरलिकृत, प्रभावकारी एवं व्यवस्थित गरिनेछ।

२१ लैंगिक समानता, महिला सशक्तीकरण, तथा महिला सहभागिता वृद्धि गर्ने खालका कार्यक्रमहरुमा विशेष जोड दिईनेछ । घरेलु हिंसा अन्त्य गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२२ "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रको लागिखेलकुद" भन्ने नारालाई हृदयगम गरी विभिन्न खेलकुद कार्यक्रमहरु प्रवद्धन गरिनेछ । बालिकाहरुलाई आत्मरक्षाका निमित्त खेलकूद कार्यक्रमको लागि पहल गरिनेछ ।

२३ संघिय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानलाई मितव्ययी ढगंबाट प्रयोग गरिनेछ । उत्पादनमुखी तथा छोटो समयमा प्रतिफल प्राप्त हुने खाले आयोजनाहरुको छनौट एवं कार्यान्वयन गरिनेछ साथै ठुलो योजना र दिगो विकासलाई जोड दिइनेछ । सशर्त अनुदानको प्रभावकारी कार्यन्वयन मार्फत अपेक्षित उद्देश्य हासिल गर्ने नीति लिईनेछ ।

२४ पाँच वर्ष भित्रमा विद्युतिकरणलाई गाउँबस्तीसम्म विस्तार गरि सक्ने लक्ष्य लिईएकोछ । नीजि क्षेत्र लगायत सबै क्षेत्रबाट निर्माण भएका र हुने विद्यूत गृह, उद्योगकलकारखाना आदिबाट प्रत्यक्ष प्रभावित स्थानीय जनताका लागि लाभ प्राप्त हुनेगरी पहल गरिने छ ।

२५ कर प्रणाली व्यवस्थित, करका दरहरुमा सुधार तथा करको दायरा फराकिलो पारी गाउँपालिकालाई श्रोत तथा साधनले सम्पन्न बनाउन आवश्यक रणनीतिहरु अंगिकार गर्दै प्रगतिशिल कर प्रणाली लागू गरिनेछ । नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म अनुरुप करका क्षेत्रहरुको पहिचान गरी राजश्वमा बृद्धि गरि आत्मनिर्भरउन्मुख अर्थ नीति लिएको छ । बिशेषतः नदीजन्य पदार्थ, जडिबुटी, जलविद्युत, वन पैदावारलाई राजश्वको दायरामा ल्याईनेछ ।

२६ सबै एनजिओ, आइ.एन.जि.ओ.हरुले सञ्चालन गर्ने आयोजना तथा कार्यक्कमहरु एकद्वार प्रणाली मार्फत गाउँपालिकाले तय गरेको नीति वमोजिम सञ्चालन हुने रणनीति लिइनेछ ।

२७ जुवा तास खेल्ने, मदिरा सेवन गरी सामाजिक सद्भाव बिथोल्ने तथा आचरण/मर्यादा उल्लंघन गर्ने जनप्रतिनिधि, सरकारी सेवा लगायतका कर्मचारी, राजनैतिककर्मी तथा सबै बिषय/क्षेत्रगत ब्यक्तिहरुलाई कानूबमोजिम कारबाही गरिने नीति लिईनेछ र यसरी गरिएको दण्ड सजाय सार्बजनिक हितमा उपयोग गरिनेछ ।नेपालको संबिधानको प्रावधान अनुरुप नागरिकको मौलिक हक प्रत्याभूत गर्ने प्रयत्न गरिनेछ। आफ्नो गाउँ बनाउन श्रमदान तथा स्वयं सेवा अभियान चलाईनेछ ।

**सभाध्यक्ष महोदय,**

२८ सडक गुरुयोजना, मध्यमकालिन खर्च संरचना र पञ्चबर्षिय योजना निर्माण गरी योजनाबद्ध विकासको प्रारम्भ गरिनेछ । सबै किसिमका विकास कृयाकलापहरु विकास लक्ष्य, दिगो विकास लक्ष्य प्राप्ति उन्मुख र गुरुयोजना अनुरुप परिचालन हुने परिपाटीको थालनी गरिनेछ ।

२९ ऐतिहासिक पुरातात्विक महत्व एवं प्राकृतिक सम्पदाहरु तथा आदिवासी जनजातिहरुको भाषा, कलासंस्कृति संरक्षण, सम्वर्द्धन र प्रबर्द्धन गरिनेछ । पर्यटकीय क्षेत्रहरुको बिकास गरि आन्तरिक तथा वाहृय पर्यटकहरुलाई आकर्षण गर्ने र गाउँपालिकाको अर्थतन्त्र बलियो वनाउने नीति लिईने छ ।

**सभाध्यक्ष महोदय,**

अन्त्यमा, गाउँपालिकाको नीति तथा कार्यक्रम तथा बजेट तयारका क्रममा सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय गाउँपालिका अध्यक्ष ज्यू, गाउँ सभाका सदस्य ज्यूहरु, विषयगत क्षेत्रका विज्ञहरु, विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरुमा हार्दिक धन्यबाद ब्यक्त गर्दछु । बजेटका सिद्धान्त उद्देश्य प्राथमिकता र नीतिहरुमा व्यापक छलफल गरी गाउँ सभाका सदस्यहरुले दिनु भएको सुझावका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेट तयारीको लागि

अहोरात्र खटिएका प्रमुख प्रशासकिय अधिकृत, विषयगत कार्यालय तथा शाखाप्रमुखहरु, लगायत गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु, नागरिक समाज, वुद्धिजिवीहरु सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधी ज्यूहरु र उपस्थित सम्पूर्ण महानुभावहरुमा समेत धन्यवाद ज्ञापनगर्दै प्रस्तुत नीति तथा कार्यक्रम स्वीकृति पश्चात् सफल कार्यान्वयनको लागि आ-आफ्नो क्षेत्रबाट रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यबाद ।

**गंग बहादुर शाहीं**
गा.पा.उपाध्यक्ष
नौमूले गाउँपालिका, दैलेख
कर्णाली प्रदेश, नेपाल

मिति : २०७९ आषाढ ०८ गते